# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:७)   लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत,  श्रावण २ गते, २०८० साल     संख्या: ३*

## भाग - १

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## लेकवेशी नगरपालिकाको सूचना तथा तथ्याङ्क व्यवस्थापन ऐन, २०८०

स्वीकृत मितिः २०८०/०३/२७

प्रमाणिकरण मितिः २०८०/०३/२७

**प्रस्तावनाः**

लेकबेशी नगरपालिकासँग रहेको सूचना तथा तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन र त्यसको प्रयोगको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, स्थानीय विकासको लागि आवश्यक सामाजिक, आर्थिक, सांस्कृतिक लगायत विभिन्न तथ्याङ्कहरूको संकलन, प्रशोधन, विश्लेषण, भण्डारण, सम्प्रेषण गर्न तथा तथ्याङ्कमा पहुँच, तथ्याङ्कको संरक्षण सूनिश्चित गर्दै एकीकृत तथ्याङ्क प्रणालीको प्रयोग गरी सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ तथा स्थानिय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को दफा १०२ बमोजिम लेकवेशी नगरपालिकाको नगरसभाले यो ऐन पारित गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नामः "सूचना तथा तथ्याङ्क व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन लेकबेशी नगरपालिका भर लागू हुने छ।

(ग) यो ऐन नगरसभाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"प्रमुख"** भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख"** भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) **"सूचना"** भन्नाले नगरपालिकाबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) **"डाटाबेस" वा "कम्प्युटर डाटाबेस"** भन्नाले कम्प्युटर वा कम्प्युटर प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, फोटो वा आकृति वा श्रब्यदृश्यमा औपचारिक तवरले तयार गरिएको सांख्यिकीय विवरण, तथ्याङ्क, सूचना, नक्सा, ज्ञान तथा अवधारणालाई सम्झनु पर्छ।

(च) **"कम्प्युटर नेटवर्क"** भन्नाले एक अर्कासँग अन्तर आबद्ध वा संचार सम्पर्कमा रहेका दुई वा दुई भन्दा बढी कम्प्युटरहरूको अन्तरसम्बद्धतालाई सम्झनु पर्छ ।

(छ) **"तथ्याङ्क"** भन्नाले कुनै प्राकृतिक तथा कानूनी व्यक्तिसँग सम्बन्धित आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, भु-स्थानिक (Geospatial) जानकारी तथा तथ्याङ्क लगायतका विवरण, चित्र, श्रव्यदृष्य, लगत र सूचना सम्झनुपर्छ र सो शव्दले त्यस्ता विवरण, लगत र सूचना व्यवस्थित संकलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार पारिएको संख्यात्मक प्रस्तुतीलाई समेत जनाउँछ ।

(ज) **"तथ्याङ्क संकलन"** भन्नाले नगरपालिकाले निश्चित उद्देश्य सहित सर्वेक्षण वा अन्य कुनै तथ्याङ्क संकलनका माध्यम प्रयोग गरी क्षेत्रगत तथा बिषयगत रूपमा तथ्याङ्क जम्मा गर्ने, एकिकृत गर्ने वा अध्यावधिक गर्ने कार्यलाइ सम्झिनु पर्छ । तथ्याङ्क संकलन शब्दले पालिकाले सेवा प्रवाहको तथा नियमित कार्य सञ्चालनको प्रक्रियामा संकलन गरिएको तथा प्रशोधन गरी तथ्य, तथ्याङ्क, जानकारी तथा सूचना तयार गर्ने कार्य समेतलाइ जनाउँछ ।

(झ) **"तथ्याङ्क अधिकृत"** भन्नाले नगरपालिकाको तथ्याङ्क अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) **"नगरपालिका"** भन्नाले लेकबेशी नगरपालिकालाई सम्झनु पर्छ ।

(ट) **“विद्युतीय अभिलेख”** भन्नाले विधुतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि वा श्रब्यदृश्यलाई सम्झनु पर्छ।

(ठ) **“विषयगत शाखा”** भन्नाले नगरपालिका अन्तर्गतको विषयगत शाखा, वडा कार्यालय वा इकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधानबमोजिम नगरपालिकालाई तोकिएको कार्य सम्पादन गर्नका लागि नगरकार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विशेष क्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ।

(ड) **"राष्ट्रिय तथ्याङ्क प्रणाली"** भन्नाले नेपाल सरकारद्वारा स्थापना गरिएको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सम्झनुपर्छ ।

(ढ) **“समिति”** भन्नाले यस ऐन बमोजिम गठन भएको तथ्याङ्क समितिलाई सम्झनु पर्छ।

(ण) **"सर्वेक्षण"** भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृतिसम्वन्धी तथ्यपूर्ण जानकारीको लागि नमूना छनौट गरी तथ्याङ्क संकलन गरिने विधि वा प्रक्रिया सम्झनु पर्छ ।

(त) **“सूचना तथा तथ्याङ्क शाखा”** भन्नाने यस ऐनको दफा १७ बमोजिमको शाखालाई सम्झनुपर्छ।

(थ) **“तोकिए वा तोकिए बमोजिम हुनेछ”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद - २
## तथ्याङ्क संकलन, उत्पादन तथा प्रशोधन सम्बन्धी व्यवस्था

३. **तथ्याङ्क संकलन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ तथा अन्य प्रचलित कानुन अनुसार देहायको तथ्याङ्क संकलन गर्नेछः

(क) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराई, धर्मपुत्र र धर्मपुत्री र सम्बन्ध विच्छेद सम्बन्धी तथ्याङ्क,

(ख) आधारभूत तथा माध्यामिक शिक्षासँग सम्बन्धित तथ्याङ्क,

(ग) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक लगायत भौतिक पूर्वाधार सम्बन्धी तथ्याङ्क,

(घ) स्थानीय बजार¸ व्यापार तथा व्यवसाय सम्बन्धी तथ्याङ्क,

(ङ) स्थानीय वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी तथ्याङ्क,

(च) प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, मन्दिर, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला आदि सम्बन्धी तथ्याङ्क,

(छ) कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क,

(ज) कूल ग्राहस्थ उत्पादन सम्बन्धी तथ्याङ्क,

(झ) राजश्व तथा आय व्यय लगायत आर्थिक सम्बन्धी तथ्याङ्क,

(ञ) प्रतिव्यक्ति आय सम्बन्धी तथ्याङ्क,

(ट) मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकाङ्क,

(ठ) सामाजिक सुरक्षा भत्ता सम्बन्धी तथ्याङ्क,

(ड) ज्येष्ठ नागरिक सम्बन्धी तथ्याङ्क,

(ढ) अपाङ्गता भएका व्यक्ति र शारिरीक रूपमा अशक्त व्यक्तिहरूको तथ्याङ्क,

(ण) द्वन्द्व पीडित सम्बन्धी तथ्याङ्क,

(त) सडक बालबालिका सम्बन्धी तथ्याङ्क,

(थ) भूमिहिन वा आवास विहिन व्यक्ति र परिवार सम्बन्धी तथ्याङ्क,

(द) रोजगारीको अवस्था सम्बन्धी तथ्याङ्क,

(ध) विदेशी श्रमिक सम्बन्धी तथ्याङ्क,

(न) स्वास्थ्य सम्बन्धी तथ्याङ्क,

(प) तोकिए बमोजिमका अन्य तथ्याङ्क,

(२) उपदफा (१) बमोजिमको तथ्याङ्क संकलन गर्न नगरपालिकाले देहायको तरिका अपनाउने छः

(क) सेवा प्रवाहको क्रममा सेवाग्राहीको जानकारीमा तथ्याङ्क संकलन गर्ने छ ।

(ख) आवश्यकता अनुसार समय समयमा सर्वेक्षण तथा लगत संकलन गर्ने छ ।

(३) विभिन्न सरकारी निकाय, सार्वजनिक निकाय, नागरिक संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी तथ्याङ्क संकलन गर्नेछ ।

(४) नगरपालिकाले सम्भव भएसम्म प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नेछ ।

(५) नगरपालिकाले तथ्याङ्क संकलनका क्रममा सूचना प्रविधि तथा कम्प्युटर प्रणालीको उपयोग गर्नेछ ।

४. **समन्वय गर्नु पर्नेः**

नेपाल सरकार र प्रदेश सरकार बाहेक अन्य कुनै पनि व्यक्ति, सार्वजनिक वा नीजि संस्थाले यस नगरपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, सार्वजनिक संस्था तथा निजी संस्थाको विवरण, सूचना तथा तथ्याङ्क संकलन गर्नु परेमा नगरपालिकासँग समन्वय गर्नु पर्नेछ ।

५. **तथ्याङ्कको परीक्षणः** (१) नगरपालिकाले संकलित तथ्याङ्कको सत्यता परीक्षण गर्न सक्ने छ ।

(२) संकलित तथ्याङ्क अपूर्ण भएमा वा सोको गुणस्तर वा विश्वसनियताको लागि थप तथ्याङ्क आवश्यक भएमा नगरपालिकाले थप तथ्याङ्क संकलन गर्ने व्यवस्था मिलाउनेछ ।

(३) नगरपालिकामा रहेको तथ्याङ्क गलत वा तथ्यमा आधारित नभएको भनी कुनै उजुरी परेमा वा कार्यालयलाइ स्वयंलाई लागेमा सच्याउन व्यवस्था मिलाउनेछ । त्यसको लागि नगरपालिकामा रहेको सूचना तथा तथ्याङ्क शाखाले विज्ञको राय तथा सल्लाह समेत लिई आवश्यक कार्य गर्नेछ ।

६. **तथ्याङ्कको प्रशोधन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) दफा (३) बमोजिम संकलन गरिएको तथ्याङ्कलाई नगरपालिकाले प्रचलित कानून बमोजिम सार्वजनिक तथ्याङ्क र वैयक्तिक तथ्याङ्कमा वर्गीकरण गरी तथ्याङ्कलाई व्यक्तिगत रूपमा पहिचान नखुल्ने गरी सामूहिक तथ्याङ्कका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सामूहिक तथ्याङ्कका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्दा देहाय बमोजिम खण्डिकृत तथ्याङ्क उपलव्ध हुने गरी भण्डारण तथा व्यवस्थापन गर्नेछः

(क) उमेर

(ख) अपाङ्गता वा शारीरिक स्थिति

(ग) जातजाति

(घ) भौगोलिक स्थिति

(ङ) आय वा सम्पत्ति

(च) लैङ्गिक पहिचान (महिला पुरुष अन्य)

(छ) शैक्षिक अवस्था

(ज) रोजगारीको अवस्था

(झ) नागरिकता (वंशज (बाबुको नामबाट, आमाको नामबाट), अंगिकृत, नागरिकता विहिन)

(ञ) बसोवास (स्थायी र अस्थायी)

(ज) अन्य

७. **सूचना तथा तथ्याङ्क प्रकाशन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा प्रचलित कानून बमोजिम सूचना तथा तथ्याङ्क प्रकाशन गर्नेछ ।

तर नगरपालिकाले कुनै व्यक्तिको मन्जुरीबिना निजको वैयक्तिक सूचना तथा तथ्याङ्क र संवेदनशील तथ्याङ्क प्रकाशन गर्ने छैन ।

## परिच्छेद - ३

## तथ्याङ्क भण्डारण तथा अद्यावधिक सम्बन्धी व्यवस्था

८. **विद्युतिय अभिलेखः** (१) नगरपालिकाले संकलित तथ्याङ्कलाई विद्युतिय स्वरुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको विद्युतिय अभिलेखलाई प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको तथ्याङ्क प्रणालीसँग आवद्द गराउन पर्ने भएमा अन्तर सम्वद्धता हुने गरी आवद्द गराईने छ।

९. **कम्प्युटर डाटाबेस र प्रणालीः (१)** नगरपालिकाले संघ, प्रदेश र स्थानीय तथ्याङ्क प्रणाली बीचको अन्तर सम्वद्धतालाई ध्यानमा राखी आवश्यक एकिकृत स्थानीय कम्प्युटर डाटाबेस र प्रणाली विकास गर्नेछ ।

(२) नगरपालिकाले दफा (८) बमोजिमको विद्युतिय अभिलेख व्यवस्थापनका लागि आफ्नै सर्भर राख्नेछ । प्रचलित कानून अनुसार नगरपालिकाले नेपाल सरकारको केन्द्रिय सर्भर समेत प्रयोग गर्नेछ ।

(३) नगरपालिकाले दफा (८) बमोजिमको विद्युतिय अभिलेख व्यवस्थापनका क्रममा नागरिकको तथ्याङ्क पर्याप्त सुरक्षा सुनिश्चितता बिना नीजि क्षेत्र वा तेस्रो पक्षको सर्भरमा राख्ने छैन ।

१०. **तथ्याङ्कको डिजिटाइजेसनः (१)** नगरपालिकाले पुराना भौतिक तथ्याङ्कलाई विद्युतिय अभिलेखमा राख्ने व्यवस्था मिलाउने छ ।

(२) नगरपालिकाले पुराना भौतिक तथ्याङ्कको प्राथमिकता निर्धारण गरी क्रमिकरूपमा विद्युतिय अभिलेखमा राख्ने छ ।

(३) भौतिक तथ्याङ्कलाइ विद्युतिय रुपमा राख्दा नगरपालिकाले सकेसम्म मेशिन रिडेबल रुपमा डिजिटाइजेसन गरी राख्ने छ ।

११. **तथ्याङ्कको अद्यावधिकरणः (१)** नगरपालिकाले तथ्याङ्क संकलन तथा सेवा प्रदान गर्ने वास्तविक समयमा नै तथ्याङ्क अद्यावधिक हुने गरि व्यवस्था मिलाउनेछ ।

तर तथ्याङ्क संकलन तथा सेवा प्रदान गरिएकै समयमा तथ्याङ्क अद्यावधिक गर्न नसकिने तथ्याङ्कको हकमा वर्षमा एक पटक वा आवश्कतानुसार स्थानीय तथ्याङ्कको अद्यावधिकरण गर्नेछ ।

(२) नगरपालिकासँग रहेको तथ्याङ्कमा कुनै कारणले फरक पर्न गएको वा तथ्याङ्क गलत रहेको प्रमाणित भएमा उपलब्ध प्रमाणको आधारमा तथ्याङ्क अद्यावधिक गरी सहि तथ्याङ्क नगरपालिकाको तथ्याङ्क प्रणालीमा राखिने छ ।

**१२. तथ्याङ्कको स्वामित्वः** नगरपालिकाले संकलन तथा व्यवस्थापन गरेको तथ्याङ्कमा कसैको प्रतिलिपी अधिकार आकर्षित हुने छैन ।

तर कुनै पनि व्यक्तिले सो तथ्याङ्क प्रयोग गर्दा तथ्याङ्कको स्रोतका रुपमा नगरपालिकालाई उल्लेख गर्नुपर्ने छ ।

## परिच्छेद - ४
## तथ्याङ्कको उपयोग सम्बन्धी व्यवस्था

**१३. तथ्याङ्कको उपयोग सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले देहायको प्रयोजनका लागि तथ्याङ्कको उपयोग गर्ने छः

(क) बजेट तथा योजना तर्जुमा गर्न गराउन,

(ख) नीति तथा कार्यक्रम तर्जुमा गर्न गराउन,

(ग) जोखिममा रहेका समूह तथा प्राथमिकतामा राख्नु पर्ने समूह पहिचान गर्न गराउन,

(घ) मानविय कार्य तथा राहत वितरण गर्न गराउन,

(ङ) विकास कार्य तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन र

(च) आवश्यकता अनुसार अन्य कार्य गर्न गराउन ।

(२) नगरपालिकाले बजेटको पूर्व तयारी, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण लगायतका कार्यहरू गर्दा तथ्याङ्कमा आधारित भएर गर्नेछ।

(३) विकास कार्यक्रमको छनौट, तयारी तथा कार्यान्वयन तथा मुल्याङ्कन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र पछाडी पारिएका वर्गहरूको जनसंख्या, सहभागिता र लाभ सम्बन्धी तथ्याङ्कलाई विशेष ध्यान दिईनेछ ।

**१४. सार्वजनिक सेवा प्रवाहमा तथ्याङ्कको उपयोग सम्बन्धी व्यवस्थाः**
नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा नियमित सुधार गर्न तथ्याङ्क तथा तथ्याङ्क प्रणालीको उपयोग गर्ने छ ।

**१५. तथ्याङ्कको उपयोगमा सहजिकरणः**
नगरपालिकाले सरकारी, सार्वजनिक, नागरिक तथा नीजि क्षेत्रलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराई सहज उपयोग गर्न गराउन मद्दत गर्नेछ ।

## परिच्छेद - ५
## सूचना तथा तथ्याङ्कमा पहुँच सम्बन्धी व्यवस्था

**१६. सूचना तथा तथ्याङ्कमा पहुँचः** (१) नगरपालिकामा रहेको सूचना तथा तथ्याङ्कमा विना भेदभाव सबै नागरिकको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाईने छ ।

तर प्रचलित कानूनले गोप्य राख्नु पर्ने भनि तोकिएका वैयतिक गोपनीयता, राष्ट्रिय सुरक्षा लगायतका सूचना तथा तथ्याङ्कमा वा अन्य कानूनी बन्देजको सवालमा यो प्रावधान लागू हुने छैन ।

(२) नगरपालिकाले सूचना तथा तथ्याङ्क उपलब्ध गराउँदा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम निःशुल्क उपलब्ध गराउने छ ।

तर कुनै तथ्याङ्क उपलब्ध गराउन खर्च लाग्ने भएमा पारदर्शी तरिकाले लागत खर्च लिई तथ्याङ्क उपलब्ध गराउन सक्नेछ ।

**१७. सूचना तथा तथ्याङ्क शाखाः** (१) सूचना तथा तथ्याङ्क संकलन, व्यवस्थापन र भण्डारणको लागि नगरपालिकाले छुट्टै सूचना तथा तथ्याङ्क शाखाको व्यवस्था गर्नेछ ।

(२) यस शाखाले परिच्छेद २, ३, ६ बमोजिमको तथ्याङ्क परीक्षण, प्रशोधन, व्यवस्थापन, प्रकाशन, विद्युतिय अभिलेख, डिजिटाइजेसन, अद्यावधिकरण, सुरक्षा तथा भण्डारणको कार्य गर्नेछ ।

(३) सूचना तथा तथ्याङ्क शाखामा आवश्यक जनशक्ति तथा पुर्वाधारको व्यवस्था कार्यपालिकाले गर्ने छ।

१८. **तथ्याङ्क अधिकृतको व्यवस्थाः** नगरपालिकाले सुचना तथा तथ्याङ्क शाखामा अधिकृतस्तरको कर्मचारीलाई तथ्याङ्क अधिकृत तोक्नेछ ।

तर तथ्याङ्क अधिकृत नतोकिएसम्म नगरपालिकाको सूचना अधिकारीले नै तथ्याङ्क अधिकृत रुपमा कार्य गर्नेछ ।

१९. **सामाजिक सञ्जालबाट सूचना प्रवाह सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आधिकारीक सामाजिक सञ्जाल प्रोफाईल बनाई सार्वजनिक सूचना तथा तथ्याङ्क प्रवाह सम्बन्धी व्यवस्था गर्ने छ ।

(२) नगरपालिकाले सामाजिक सञ्जालमा नेपाली भाषाको साथै स्थानीय भाषामा पनि सूचना प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउने छ ।

२०. **वेबसाइटबाट सुचना प्रवाह सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाको वेबसाइटबाट सूचना प्रवाह गर्ने व्यवस्था गरिने छ ।

(२) नगरपालिकाले वेबसाइटमा नेपाली भाषाको साथै स्थानीय भाषामा पनि सूचना प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउने छ ।

(३) नगरपालिकाले वेवसाइटलाई अपांगता भएका व्यक्ति लगायतका विभिन्न प्रयोगकर्ताहरूको पहुँच र सहजतालाई सहजीकरण हुने गरी प्रयोगकर्ता मैत्री वेवसाइट निर्माण तथा अधावधिक गर्ने छ ।

## परिच्छेद - ६
## तथ्याङ्क सुरक्षा सम्बन्धी व्यवस्था

२१. **सार्वजनिक तथ्याङ्क सुरक्षा सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीमा भएको सबै सूचना, तथ्याङ्क तथा अभिलेख सुरक्षित रुपमा राख्न उचित व्यवस्था मिलाउने छ ।

(२) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीसँग सम्वन्धित भौतिक पुर्वाधारको सुरक्षा सुनिश्चित गर्न तथा घाम, पानी, मुसा, कीरा जस्ता नाशक तत्वबाट सुरक्षित राख्ने व्यवस्था मिलाउने छ ।

(३) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीलाई अनलाइन तथा साईवर आक्रमणबाट बचाउन विशेष व्यवस्था मिलाउनेछ।

(४) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीलाई विपद पश्चात पुनस् प्राप्ती गर्न सक्ने गरी मिलाउने छ ।

(५) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीको वार्षिक सुरक्षा अडिट गरिने व्यवस्था मिलाउने छ।

२२. **क्लाउडमा तथ्याक भण्डारण सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीमा भएको सबै सूचना, तथ्याङ्क तथा अभिलेख सुरक्षित राख्न क्लाउडमा तथ्याक भण्डारण गर्ने व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बमोजिम क्लाउडमा तथ्याक भण्डारण गर्न आवश्यक पुर्वाधार निर्माण गर्ने छ।

(३) क्लाउडमा तथ्याक भण्डारण गरिएको तथ्याकलाई अनलाइन तथा साईवर आक्रमणबाट बचाउन विशेष व्यवस्था मिलाइने छ ।

२३. **व्यक्तिगत तथा संवेदनशिल तथ्याङ्कको संरक्षण सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले संकलन गरेका कुनै व्यक्तिगत तथा इकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख अथवा तिनका कुनै अंश सामुहिक तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

(२) गोपनियताको कानून बमोजिम गोपनियता कायम गर्न पर्ने कुनै व्यक्तिगत तथा एकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख अथवा तिनका कुनै अंशमाथि अनाधिकृत पहुँच हुन दिइने छैन ।

२४. **तथ्याङ्क प्रणालीमा पहुँच सम्बन्धी व्यवस्थाः** (१) कम्प्युटर डाटावेस तथा तथ्याङ्क प्रणालीमाथि तथ्याङ्क अधिकृत वा अन्य आधिकारीक व्यक्तिको मात्र पहुँच हुनेछ ।

(२) अनाधिकृत पहुँच रोक्न सुरक्षाका प्राविधिक तथा नितिगत मापदण्डहरु अवलम्वन गरिने छ ।

२५. **तथ्याङ्क सुरक्षाका लागि आवश्यक सफ्टवेयरको प्रयोग सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले तथ्याङ्क सुरक्षाका लागि आवश्यक सफ्टवेयरको व्यवस्था गर्नेछ ।

(२) नगरपालिकाले तथ्याङ्क सुरक्षाका लागि सुरक्षा अडिट गरिएको सफ्टवेयरको प्रयोग गर्नेछ ।

## परिच्छेद - ७
## तथ्याङ्क समिति सम्बन्धी व्यवस्था

२६. **तथ्याङ्क समितिको गठनः** (१) नगरपालिकाको तथ्याङ्क व्यवस्थापन तथा एकीकृत तथ्याङ्क प्रणालीको विकासको लागि देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) नगरपालिकाको प्रमुख - संयोजक
(ख) नगरपालिकाको उपप्रमुख - सदस्य
(ग) प्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) नगरपालिकाले तोकेको विषय विज्ञ - सदस्य
(ङ) तथ्याङ्क अधिकृत - सदस्य सचिव

२७. **तथ्याङ्क समितिको काम कर्तव्य र अधिकारः** नगरपालिकाको तथ्याङ्क प्रणालीको जिम्मेवारी रहने गरि दफा २६ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) तथ्याङ्क उत्पादन तथा संकलनको गुणस्तरियता सुनिश्चित गर्दै एकीकृत तथ्याङ्क प्रणाली विकसित गर्ने र सो का लागि अवलम्बन गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन योजना र नीतिको सम्बन्धमा नगरपालिकालाई सुझाव दिने ।

(२) नगरपालिकाको तथ्याङ्क प्रणालीलाई प्रादेशिक तथा राष्ट्रिय मापदण्ड अनुसार विकसित गर्दै लैजान आवश्यक कार्य गर्ने गराउने ।

(२) तथ्याङ्क व्यस्थापन सम्बन्धी कार्य विभाजन र त्यसको व्यवस्था मिलाउने ।

(३) तथ्याङ्क्यि क्रियाकलापसँग सूचना तथा तथ्याङ्क शाखालाई संकलित तथ्याङ्कहरुको प्रशोधन, विश्लेषण प्रकाशन तथा सुरक्षा गर्न निर्देशन दिने ।

(४) तथ्याङ्कसँग सम्बन्धित विवाद, तथ्याङ्कको गलत भएको भनी परेको उजुरी तथा कार्यालयलाइ लागेको अवस्थामा तथ्याङ्कको आधिकारिकताको विषयमा उपयुक्त सल्लाह दिई समाधानका लागि सहयोग गर्ने ।

(५) तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन तथा मूल्यांकन गर्ने ।

(६) नगरपालिकाको तथ्याङ्क प्रणालीलाई व्यवस्थित एवं विश्वसनीय बनाउन अन्य आवश्यक कार्य गर्ने गराउने र,

(७) नगरपालिकाको तथ्याङ्क व्यवस्थापनलाई खुल्ला तथ्याङ्क मापदण्ड अनुरूप व्यवस्थित गर्ने गराउने।

२८. **तथ्याङ्क समितिको बैठकः** (१) समितिको बैठक हरेक तीन महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) संयोजकको निर्देशन अनुसार सदस्य सचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा ५ दिन अगावै सदस्यहरुलाई पठाउनु पर्नेछ।

(३) समितिका कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समिति संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिने छ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयगत शाखा र विशेषज्ञहरुलाई बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद - ८
## विविध

२९. **तथ्याङ्क साक्षरता तथा क्षमता अभिवृद्धिः** (१) नगरपालिकाले नागरिक तहमा तथ्याङ्क साक्षरता बढाउन, खण्डीकृत तथ्याङ्क संकलनमा प्रोत्साहन गर्न र तथ्याङ्कको प्रयोगको महत्व बुझाउन नागरिक तथ्याङ्क साक्षरता कार्यक्रम संचालन गर्ने छ ।

(२) नगरपालिकाले कार्यालयका कर्मचारीहरूलाइ तथ्याङ्कको महत्व तथा प्रयोगको बारेमा जानकारी दिने गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू नियमित संचालन गर्ने छ ।

(३) नगरपालिकाले निर्वाचित जनप्रतिनिधीहरूसँग तथ्याङ्कको बहुआयामिक प्रयोगको सन्दर्भमा नियमित रुपमा छलफल गर्ने छ ।

(४) नगरपालिकाले तथ्याङ्क संकलन, भण्डारण र उपयोगमा पालिकालाई सहयोग पुग्ने गरी आवश्यक अध्ययन, अनुसन्धान गर्ने र छलफलका लागि उचित बजेटको व्यवस्था तथा कार्यक्रमहरू तय गर्नेछ।

**३०. सरोकारवालासँग सहकार्यः**

खण्डीकृत तथा पूर्ण सूचना तथा तथ्याङ्क संकलन गर्न नगरपालिकाले नागरिक समाज तथा निजी क्षेत्रसँग सहकार्य गर्नेछ ।

**३१. वजेट विनियोजनः**

नगरपालिकाले तथ्याङ्क प्रणाली विकास तथा सुरक्षाका लागि पुर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्नेछ ।

**३२. ऐनमा संशोधनः**

यस ऐनमा संशोधन गर्नुपर्ने भएमा नगरसभाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**३३. नियम बनाउन सक्नेः**

यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाले आवश्यकता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**३४. बाधा अडकाउ फुकाउनेः**

यस ऐनको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले**
**पदमलाल लामिछाने**
**प्रमुख प्रशासकीय अधिकृत**